**२०७७ साल मंसिर १५ गते सोमवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** राप्ती प्राविधिक शिक्षालय, लालमटिया दाङले उपयोग गरेको जग्गा तथा भौतिक संरचना प्रदेश सरकारको उपयोगको लागि उपलब्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** लुम्बिनी प्रदेश र जनवादी गणतन्त्र चीनको सिचुवान प्रान्तबीच भगिनी सम्बन्ध कायम गरी MOU बमोजिमको विस्तृत सम्झौता गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** राप्ती प्राविधिक शिक्षालय, लालमटिया दाङलाई राप्ती उपत्यकाको गढवा गाउँपालिका वडा नं. ३ अन्तर्गत सरस्वती माध्यमिक विद्यालय, विद्यानगर, गोवरडिहामा स्थानान्तरण गर्न स्वीकृति प्रदान गर्ने ।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश पूर्वाधार विकास प्राधिकरण राप्ती प्राविधिक शिक्षालय परिसरमा स्थानान्तरण भई प्रदेशको स्थायी राजधानी व्यवस्थापनका लागि गुरुयोजना लगायतका काम अगाडि बढाउन स्वीकृति प्रदान गर्ने ।

५. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेशको स्थायी राजधानी व्यवस्थापनको लागि समन्वय र सहकार्य गर्न आन्तरिक मामिला तथा कानून मन्त्रीको संयोजकत्वमा १५ सदस्यीय समिति गठन गर्ने ।

६. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** प्रदेश सार्वजनिक-निजी साझेदारी तथा लगानी सम्बन्धमा कानूनी व्यवस्था गर्ने विधेयक उपरको सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

७. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** प्रदेश सहकारी विकास बोर्डको उपाध्यक्षमा धनेन्द्रराज घिमिरे (पाल्पा) तथा सदस्यहरुमा टिका न्यौपाने (रुपन्देही) र हुमा कुमारी डि.सी.(दाङ) लाई नियुक्ति गर्ने ।